# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश ,नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
Email info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## कृषि एम्बुलेन्स संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०२/२८**

माण्डवी गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका भित्र कृषिजन्य उपजको सहज ढुवानी पुर्याउने उदेश्यले कृषि एम्बुलेन्स संचालन कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र ( मिति २०८०/०३/०२ गते सम्म सो दिन सार्वजनिक बिदा भएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ९८५७८३६००६ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदान को सीमा रु. |
|---|---|---|---|---|---|
| १ | कृषि एम्बुलेन्स संचालन खर्च | प्रचलित नियमानुसार निवेदकले ढुवानी साधन खरिद गर्ने। | प्रचलित नियमानुसार दर्ता भएको कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारी/ निजि फर्म/कम्पनी/संस्था हुनुपर्ने, ढुवानी योग्य परिमाणमा वालिबस्तु उत्पादन भएको संस्था हुनुपर्ने, नेपाल सरकार वा अन्य निकायबाट ढुवानी साधनमा अनुदान पाएका संस्थालाई अनुदान दिईनेछैन, कार्यालयले तयार पारेको स्वीकृत प्राविधिक स्पेशिफिकेशन अनुसार single cab pick up खरिद गर्नुपर्ने, ढुवानी साधन कम्तिमा १० वर्ष अबधिसम्म स्वामित्व हस्तान्तरण गर्न नपाइने, माण्डवी गाउँपालिकाले तोकेको ढुवानी दररेट अनुसार ढुवानी गर्नुपर्ने। | समूह/निजी फर्म/कम्पनी/सहकारी | ५ लाख |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. निवेदन
२. दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. स्व-घोषणा पत्र

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत